# Section I. Invitation for Sealed Quotation


नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
कृषि बिभाग
हरिहरभवन, ललितपुर
फोन नं ०१-५५२१०९१, इमेल: doa.agri2014@gmail.com


**मसलन्द तथा अन्य सामानहरुको सिलबन्दी दरभाउपत्र आव्हान**

दरभाउपत्र सुचना नं.: 01/DOA/SQ/Goods/2078-79

सूचना प्रकासन भएको मिति: २०७८/०८/२८

१। यस बिभागको लागि आ.व. २०७८/२०७९ मा आवश्यक पर्ने मसलन्द तथा अन्य सामानहरु सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुलाई यो सूचना जारी गरिएको छ। इच्छुक फर्म वा कम्पनीहरुले यस बिभागमा सम्पर्क गरी वा माथी उल्लेखित फोन वा ईमेल मार्फत दरभाउपत्र सम्वन्धि आवश्यक जानकारी लिन सकिने छ।

२। इच्छुक फर्म वा कम्पनीहरुले यस बिभागको राजस्व खातामा (खाता नं.: ००१०१०००००००१००१००१, नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुर, कार्यालयको नाम: कृषि विभाग, राजस्व शीर्षक: १४२२९, कार्यालय कोड: ३१२०१३४०१) रु १००० दस्तुर जम्मा गरी उक्त भौचर यस बिभागमा पेश गरी सिलबन्दी दरभाउपत्र फाराम सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७८/०९/१३) खरिद गर्न सकिने छ। साथै दरभाउपत्र फारम खरिदको लागि चालु आ.व.को लागि नबिकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७७/२०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि यस बिभागमा पेश गर्नु पर्नेछ।

३। दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७८/०९/१४) मध्यान्ह १२:०० बजे भित्र यस बिभागको प्रशासन शाखामा अनिवार्य दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस बिभागमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। रित नपुगेको र म्याद नाघी प्राप्त भएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन।

४। दरभाउपत्रको म्याद दरभाउपत्र खोलेको मितिले ४५ दिनको हुनेछ। दरभाउपत्रका साथ रु. ३५,०००।०० नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुरमा गई धरौटी खाता नं ०१८०१००००२००३००००१, कार्यालय कोड ३१२०१३४०१, कृषि बिभागको नाममा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकबाट यस बिभागको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा ७५ दिन (२०७८/११/२९ सम्म) म्याद भएको बैंक ग्यारेण्टीको सक्कलै प्रति संलग्न गरी पेश गर्नुपर्नेछ।

५। दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम दिन, दरभाउपत्र दर्ता गराउने दिन तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

६। दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूर्तिकर्ताले स्वीकार गर्नुपर्नेछ र बिभागको आवश्यकता अनुसार खरिद गरिनेछ।

७। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बिभागमा निहित रहनेछ ।

८। दरभाउपत्रको मुल्याङ्कन एकमुष्ट रुपमा गरिनेछ। सारभुतरुपमा प्रभावग्राही भई सबैभन्दा घटी कबोल अङ्क पेश गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरिनेछ।

९। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर